गोरखापत्र
# ज्ञान सागर
www.gorkhapatraonline.com
२०७८ साल वैशाख २९ गते बुधबार
2021 May 12 Wednesday


## वस्तुगत प्रश्नोत्तर

१. **२०७७ चैत ३० को मन्त्रिपरिषद् बैठकले सातवटै प्रदेशमा पर्नेगरी कतिवटा स्मार्ट सहर निर्माण गर्ने निर्णय गर्‍यो ?**

✍ १२ ।

**नयाँ बन्ने स्मार्ट सिटीहरू :**
- प्रदेश १ : धनकुटा र गौरीगन्ज
- प्रदेश २ : रौतहटको मौलापुर र चन्द्रपुर
- वाग्मती प्रदेश : काभ्रेको काभ्रेम्याली र भक्तपुरको गुन्डु
- गण्डकी प्रदेश : वालिङ
- लुम्बिनी प्रदेश : लुम्बिनी र तुल्सीपुर
- कर्णाली प्रदेश : दुल्लु
- सुदूरपश्चिम प्रदेश : भीमदत्त र अमरगढी ।
- सरकारले यसअघि नै १३ वटा सहरलाई स्मार्ट सहरका रूपमा निर्माण गर्ने निर्णय गरेकोमा चैत ३० को मन्त्रिपरिषद्को निर्णयबाट पहिलाको १३ मध्ये ८ र चारवटा नयाँ थप भएर आएको। अहिलेको मन्त्रिपरिषद्को निर्णयबाट १३ वटा बाट आठवटा मात्र छानिए पनि बाँकी पाँचवटा खारेज नभएको र दोस्रो प्राथमिकतामा परेको सहरी विकास मन्त्रालयले जनाएको।

२. **सर्वप्रथम सगरमाथाको चुचुरोमा पुग्ने पहिलो आरोहीद्वय तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीको सम्झनामा तेन्जिङ–हिलारी मेमोरियल पार्क कहाँ निर्माण गरिएको छ ?**



✍ जिरी (दोलखा) (२०७८) ।

३. **अन्तर्राष्ट्रिय नृत्य दिवस कहिले मनाइन्छ ?**

✍ अप्रिल २९ ।
- यसपटक (सन् २०२१) अन्तर्राष्ट्रिय नृत्य दिवस कोभिड–१९ का कारण भर्चुअल रूपमा मनाइएको ।
- संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक सङ्घ युनेस्कोसँग सहकार्य गरेको इन्टरनेसनल थिएटर इन्स्टिच्युटको अन्तर्राष्ट्रिय नृत्य समितिद्वारा सन् १९८२ देखि यो दिवस मनाउन थालिएको ।

४. **राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस (नेसनल आईसीटी डे) कहिले मनाउने गरिन्छ ?**

✍ मे २ ।
(चौथो राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस–२०७८ को नारा– समृद्ध नेपालको आधार : सूचना तथा सञ्चार प्रविधिको विस्तार रहेको ।)

५. **नेपालले भारतीय ऊर्जा बजारबाट प्रतिस्पर्धी दरमा विद्युत् खरिद गर्न कहिलेदेखि सुरु गरेको हो ?**

✍ विक्रम संवत् २०७८ वैशाख १९ ।
- सम्झौताका आधारमा मूल्य निर्धारण गरी भारतबाट विद्युत् किन्ने गरेकोमा नेपाल विद्युत् प्राधिकरणले भारतीय ऊर्जा बजारबाट डे अहेड विधिअनुरूप प्रतिस्पर्धी दरमा सोझै विद्युत् खरिद गर्न सुरु गरेको ।
- यो एक दिनअघि नै खरिद र बिक्रीदर अनि परिमाण सुनिश्चित हुने (डे अहेड) बजार हो ।
- प्राधिकरणले पहिलो दिन वैशाख १८ गते राति १२:०० बजे दुई सयदेखि २५० मेगावाटसम्म विद्युत् भारतीय ऊर्जा एक्सचेन्जमार्फत खरिद गरी ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनमार्फत आयात गरेको ।
- प्राधिकरणले दुई साता पहिले भारतीय ऊर्जा एक्सचेन्जको सदस्यता प्राप्त गरेसँगै यसका लागि प्रक्रिया अघि बढाइएको थियो । सदस्यता प्राप्तिसँगै भारतीय ऊर्जा एक्सचेन्ज बजारमा विद्युत् व्यापारका लागि प्रवेश गर्ने नेपाल दक्षिण एसियाकै पहिलो राष्ट्रसमेत बनेको ।
- बजारको मागअनुसार कसैको हस्तक्षेपविना बजारले निर्धारण गरेको प्रतिस्पर्धी दरमा आवश्यकताअनुसार विद्युत् खरिद गरी आयात र निर्यात दुवै गर्न सकिने भएकाले दुई मुलुकबीच विद्युत् व्यापारका लागि यो प्रणाली प्रभावकारी हुने अपेक्षा गरिएको । साथै, भारतीय ऊर्जा एक्सचेन्ज मार्केटमा नेपालले पहुँच प्राप्त गरेकाले भारत हुँदै बङ्गलादेशसम्मको विद्युत् व्यापारका लागि समेत यसबाट सहजता हुन सक्ने जनाइएको ।
- नेपालले दिएको मूल्यभन्दा बढी दिएर अरूले नै लैजान पनि सक्ने भएकाले कतिपय अवस्थामा बढी मूल्य तिर्नुपर्ने वा मागबमोजिमको विद्युत् प्राप्त गर्न असमर्थ हुने स्थिति पनि सिर्जना हुन सक्ने । त्यस्तो अवस्थामा सधैँ सस्तोमा किन्न र महँगोमा बेच्न पाइने अवस्था नरहन सक्ने ।

६. **प्रशान्त क्षेत्रीय स्वतन्त्र व्यापार सम्झौता (ट्रान्स प्यासिफिक पार्टनरसिप एग्रिमेन्ट–टीपीपीए) मा कहिले हस्ताक्षर गरिएको हो ?**

✍ सन् २०१६ फेबुअरी ४ ।
(न्युजिल्यान्डको राजधानी अकल्यान्डमा भएको हस्ताक्षर समारोहमा ३० बुँदे बडापत्र जारी गरिएको ।)

७. **बौद्ध धर्मसँग सम्बन्धित प्रमुख चार धाम कुन–कुन हुन् ?**

✍ लुम्बिनी, बोधगया, सारनाथ र कुशीनगर (क्रमशः जन्मस्थल/बुद्धत्व प्राप्ति/प्रथम प्रवचन/निर्वाण प्राप्ति) ।

८. **सरकारले सवारीचालक अनुमतिपत्र (लाइसेन्स)मा 'स्मार्टकार्ड'को व्यवस्था कहिलेदेखि गरेको हो ?**

✍ विसं २०७२ मङ्सिर १४ ।

९. **नेपाल टेलिकमद्वारा टेलेक्स र आकाशवाणी सेवा कहिलेदेखि बन्द गरिएको हो ?**

✍ विसं २०६५ पुस १७ ।

१०. **सहरलाई कुरूप बनाउनेगरी राखिएका होर्डिङबोर्ड, पोस्टरलगायतका सामग्री हटाउने निर्णय सरकारले कहिले गरेको हो ?**

✍ विसं २०७६ पुस १० ।

११. **विश्वकै ठूलो मानव जमघट कुम्भ मेला कहाँ हुने गर्छ ?**

✍ भारतको इलाहावाद ।



(यस मेलालाई विश्वकै ठूलो मानव जमघटका रूपमा लिने गरिन्छ । गङ्गा र यमुना नदीको सङ्गमस्थलमा स्नान गर्नाले मोक्ष प्राप्त हुने हिन्दु धर्मावलम्बीको विश्वास रहेको छ ।)

१२. **सरकारले प्रत्येक वर्ष फागुन १ गते रोजगार दिवस मनाउने घोषणा कहिले गरेको हो ?**

✍ विसं २०७५ फागुन १ ।

१३. **एसिया को–अपरेसन डाइलग (एसीडी)को स्थापना कहिले गरिएको हो ?**

✍ सन् २००२ जुन १८ ।
(नेपाल सन् २०१६ मार्च १० मा एसीडीको सदस्य बनेको । हाल एसीडीमा नेपालसहित ३४ राष्ट्र रहेका ।)

१४. **असंलग्न आन्दोलन (एनएएम) मा आबद्ध सार्क राष्ट्र कुन–कुन हुन् ?**

✍ सबै आठ राष्ट्र ।

१५. **राणाकालीन सरकारद्वारा जनतालाई दिइने सूचनालाई के भनिन्थ्यो ?**

✍ इस्तिहार ।

१६. **सेतो हात्तीको देश भनेर थाइल्यान्डलाई चिनिन्छ भने हजारौँ हात्तीको देश भनी कुनलाई चिनिन्छ ?**

✍ लाओस ।

१७. **महिलालाई मताधिकार प्रदान गर्ने विश्वको पहिलो राष्ट्र कुन हो ?**

✍ न्युजिल्यान्ड ।
- न्युजिल्यान्डले सन् १८९३ मा यससम्बन्धी व्यवस्था गरेको ।
- महिलाका लागि मताधिकारको व्यवस्था गर्ने हालसम्मको पछिल्लो राष्ट्र साउदी अरब (सन् २०११ मा) हो ।

१८. **तीनजुरे–मिल्के–जलजलेलाई लालीगुराँसको राजधानीका रूपमा कहिले घोषणा गरिएको हो ?**

✍ विसं २०५५ ।

१९. **एटीएम मेसिनको सुरुवात कहिलेदेखि भएको हो ?**

✍ सन् १९६७ ।
- एटीएम मेसिनको आविष्कार जोन सेफर्ड बारोनले गरेका ।
- बेलायतको लन्डनस्थित एक बैङ्कमा पहिलोपटक सन् १९६७ मा यो मेसिन प्रयोगमा ल्याइएको ।
- सुरुमा होल इन द वाल नामबाट चिनिने यो मेसिनमा ४ अङ्कको पिन नम्बर प्रचलनमा रहेको ।
- नेपालमा पहिलोपटक हिमालयन बैङ्कले एटीएम प्रयोगमा ल्याएको ।

२०. **बालविधाको हाइकू 'चञ्चल'का सर्जक को हुनुहुन्छ ?**

✍ भक्त कार्की (पुलाचौर, म्याग्दी) ।

२१. **केन्द्रीय तथ्याङ्क विभागले २०७८ वैशाखमा प्रकाशित तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७७/०७८ मा नेपालको आर्थिक वृद्धिदर कति हुने प्रक्षेपण गरेको छ ?**

✍ ४.०१ प्रतिशत ।
- चालु आवको ९ महिनासम्मका आर्थिक क्षेत्रसँग सम्बन्धित तथ्याङ्कअनुसार सो बराबरको वृद्धिदर रहने अनुमान विभागले गरेको । यो प्रक्षेपण तयार गर्न लिइएको अवधिमा कोरोनाको असर न्यून हुँदै गएको थियो तर कोरोनाको प्रभाव बढ्दै गएको अवस्थामा प्रक्षेपणलाई संशोधन गर्नुपर्ने विभागले जनाएको ।
- विभागका अनुसार उक्त वृद्धिदर पछि नेपालको अर्थतन्त्रको आकार ४२ खर्ब ६६ अर्ब ३२ करोड रुपियाँ पुग्ने । गत आवमा नेपालको अर्थतन्त्रको संशोधित आकार चालु मूल्यमा ३९ खर्ब १४ अर्ब ७० करोड रुपियाँ रहेको विभागले उल्लेख गरेको । त्यस्तै, विभागले गत आवको वृद्धिदरमा संशोधन गरेर २.१२ प्रतिशत ऋणात्मक रहेको उल्लेख गरेको । यसअघि विभागले १.१९ प्रतिशतले मात्र आर्थिक वृद्धिदर ऋणात्मक रहने अनुमान गरेको थियो ।
- विश्व बैङ्कले भने चालु आवमा नेपालको वृद्धिदर २.७ प्रतिशत रहने अनुमान गरेको ।
- एडीबीले सन् २०२१ मा नेपालको वृद्धिदर ३.१ प्रतिशत पुग्ने प्रक्षेपण हालै मात्र (सन् २०२१ अप्रिल) सार्वजनिक गरेको ।
- एसियाली विकास बैङ्क (एडीबी)ले सन् २०२१ अप्रिलमा सार्वजनिक गरेको एसियन डेभलपमेन्ट आउटलुक प्रतिवेदन अनुसार सन् २०२१ मा नेपालको आर्थिक वृद्धिदर ३.१ प्रतिशत हुने प्रक्षेपण गरेको ।
- विभागको तथ्याङ्कअनुसार नेपालीको प्रतिव्यक्ति आय चालु आवमा करिब १० हजार रुपियाँले वृद्धि भई १ लाख ४० हजार ८१९ रुपियाँ पुग्ने । गत आवमा नेपालीको प्रतिव्यक्ति आय १ लाख ३० हजार ९५७ रुपियाँ रहेको ।

२२. **हाल नेपाललगायतका क्षेत्रमा रहेको प्राचीन सागरलाई के नामले चिनिन्थ्यो ?**

✍ टेथिस सागर ।

२३. **आफ्ना सदस्यको मृत्यु भएपछि बसाइँ सर्ने विशेषता भएको जाति कुन हो ?**

✍ राउटे ।

२४. **हाम्रो शरीरका सम्पूर्ण क्रियाकलापको नियन्त्रण तथा समन्वय गर्ने प्रणालीलाई के भनिन्छ ?**

✍ स्नायु प्रणाली ।

२५. **कुन पारिस्थितिक पद्धतिमा जीवपिण्डको पिरामिड ठाडो हुन्छ ?**

✍ स्थलीय पारिस्थितिक पद्धति (टेरिस्ट्रियल इकोसिष्टम) ।

२६. **राष्ट्रिय प्रकृति संरक्षण कोषको स्थापना कहिले भएको हो ?**

✍ विसं २०३९ कात्तिक ३ ।

२७. **गोरखापत्रको प्रकाशन कहिलेदेखि सुरु भएको हो ?**

✍ विसं १९५८ वैशाख २४ ।
(सुरुमा साप्ताहिक रूपमा प्रकाशित हुने गोरखापत्र विसं २००० असोज २९ देखि हप्तामा दुईपटक, विसं २००३ पुस २८ देखि हप्तामा तीनपटक र विसं २०१७ फागुन ७ देखि दैनिक रूपमा प्रकाशन गर्न थालिएको ।)

२८. **नेपाल चलचित्र संस्थानद्वारा निर्मित पहिलो चलचित्र कुन हो ?**

✍ मनको बाँध ।
(पार्श्वसङ्गीत दिइएको पहिलो नेपाली चलचित्र ।)

२९. **अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमई)को पहिलो महिला प्रमुख को हुन् ?**

✍ क्रिस्टिन ल्यागार्ड (फ्रान्सकी वित्तमन्त्री) ।

३०. **सूर्यले आकाश गङ्गाको तारापुञ्जीय केन्द्रको एकपटक परिक्रमा गर्न लाग्ने समयलाई के भनिन्छ ?**

✍ ब्रह्माण्ड वर्ष (कस्मिक वर्ष) ।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# नेपालमा वैदेशिक लगानी



१. **नेपालमा वैदेशिक लगानी अपेक्षाकृत रूपमा भित्रिन नसक्नुका कारण के–के हुन् ? लेख्नुहोस् ।**

✍ वैदेशिक लगानी विदेशी पुँजी, प्रविधि, व्यवस्थापकीय कौशल, प्राविधिक सीप एवम् सफल अनुभव भित्र्याउने माध्यम हो। वैदेशिक लगानी मुलुकमा स्रोत परिचालन तथा यसको दिगोपनको महत्त्वपूर्ण आधार हो। नेपालमा यसलाई आकर्षित गर्न कानुनी, संस्थागत एवम् प्रक्रियागतलगायत थुप्रै व्यवस्था गरिएको छ र पनि नेपालमा वैदेशिक लगानी अपेक्षाकृत रूपमा भित्रिन सकेको छैन। यसो हुनुमा थुप्रै कारण देखिएका छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- भूपरिवेष्ठित मुलुकको समुद्रसम्म सहज पहुँच हुँदैन्, यसले गर्दा मुलुकको बाह्य व्यापार, आयात निर्यात एवम् आन्तरिक आपूर्ति प्रणालीमा समेत जटिलता आउँछ। यस्ता कारणले गर्दा सामान्यतयाः भूपरिवेष्ठित मुलुकमा वैदेशिक लगानीकर्ता लगानी गर्न आकर्षित हुँदैनन्, नेपाल पनि यस चपेटामा पर्नु,
- राजनीतिक अस्थिरता र नीतिगत अस्थिरता भएका मुलुक वैदेशिक लगानीकर्ताका छनोटमा पर्दैनन्, नेपालमा पनि यी दुई पक्ष प्रायः सधैँ अस्थिर देखिनु,
- सार्वजनिक सेवाप्रवाहमा चुस्तता, सुशासन, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचारको अवस्थालगायतका शासकीय सूचक विश्लेषण गरेर वैदेशिक लगानीकर्ताले लगानी गर्ने मुलुक छनोट गर्ने हुँदा नेपालमा यसको अवस्था कमजोर रहनु,
- भौतिक पूर्वाधारको सबलता र कमजोर अवस्थाले पनि लगानीमा प्रभाव पार्छ, नेपालमा भौतिक पूर्वाधारको अवस्था कमजोर हुनु,
- दक्ष जनशक्ति लगानीको प्रतिफल दिने जीवन्त साधन हो, नेपालमा यसको अभाव हुनु,
- वैदेशिक लगानीसँग सम्बन्धित संस्थागत संरचनाबीच कार्यगत समन्वय एवम् सहकार्य हुन नसक्नु,
- औद्योगिक पूर्वाधारको अवस्था कमजोर रहनु,
- वैदेशिक लगानी आकर्षित गर्न उपयुक्त मौद्रिक एवम् गैरमौद्रिक सुविधा, सहुलियत एवम् प्रोत्साहनको अभाव हुनु,
- अन्तर्राष्ट्रिय वित्त बजारमा पर्याप्त बजारीकरण गर्न नसकिनु,
- वैदेशिक लगानी आकर्षित गर्न आर्थिक कूटनीति एवम् विदेशस्थित नेपाली नियोगको क्रियाशीलता प्रभावकारी नदेखिनु,
- गैरआवासीय नेपाली नेपालमा लगानी गर्न उत्प्रेरित नहुनु,
- वैदेशिक लगानीकर्ता एवम् लगानीको सुरक्षाको प्रत्याभूति दिन नसक्नु,
- उद्योग दर्ता, सञ्चालन, मुनाफा वितरण, कर प्रक्रिया, उद्योग खारेजीलगायतका विषय सरल एवम् एकीकृत हुन नसक्नु,
- कर प्रणाली लगानीमैत्री एवम् उत्प्रेरक हुन नसक्नु,
- स्वदेशी लगानीकर्ताको मन एवम् विश्वास जित्न नसक्नु,
- वित्तीय संरचना कमजोर रहनु ।

२. **भन्सार प्रज्ञापनपत्रबारे परिचय दिनुहोस् ।**

✍ भन्सारमा मालवस्तु निकासी पैठारीकर्ताले मालवस्तु निकासी वा पैठारी गर्दा मालवस्तुको सम्पूर्ण विवरण घोषणा गरी मालवस्तुमा लाग्ने भन्सार महसुल निर्धारण गर्न भर्नुपर्ने फारामलाई भन्सार प्रज्ञापनपत्र भनिन्छ। नेपालमा भन्सार ऐन–२०६४ अनुसार निकासी पैठारी हुने मालवस्तुको भन्सार मूल्य कारोबार मूल्यका आधारमा हुने र निकासी पैठारीकर्ता स्वयम्ले वा निजको प्रतिनिधि भन्सार एजेन्टले प्रज्ञापनपत्रमार्फत मालवस्तुको मूल्य प्रमाणित गर्ने विवरण तथा कागजात संलग्न गरी भन्सार अधिकृतसमक्ष मालवस्तुको कारोबार मूल्य घोषणा गर्नुपर्ने व्यवस्था छ। निकासी पैठारीकर्ताले घोषणा गरेको कारोबार मूल्य कानुनअनुरूप उचित भएमा भन्सार अधिकृतले सोही कारोबार मूल्यको आधारमा मालवस्तु जाँचपास गर्ने व्यवस्था छ। प्रज्ञापनपत्रलाई कम्प्युटर सर्भरमा दर्ता गर्नुपर्छ, यसरी दर्ता भएका प्रज्ञापनपत्रलाई भन्सार जाँचपास गर्ने प्रयोजनका लागि भौतिक परीक्षण गरी जाँचपास गर्न रातो मार्ग, कागजातमात्र जाँच गरी जाँचपास गर्न पहेँलो मार्ग, जाँचपासपछिको परीक्षण गर्नेगरी जाँचपास गर्न नीलो मार्ग र यी कुनै पनि प्रक्रिया अवलम्बन नगरी घोषणाकै आधारमा जाँचपास गर्न हरियो मार्गमा विभाजन गर्ने व्यवस्था छ। त्यसैगरी, कुनै व्यक्तिले निजी प्रयोगका मालवस्तु पैठारी गर्दा वा यात्रुले निजी गुन्टा, झिटी, भारी आदेशअन्तर्गत ल्याउन पाउने मालवस्तु पैठारी गर्दा भन्सार कार्यालयको यात्रु शाखामा सङ्क्षिप्त विवरण भरी फाराम पेस गर्नुपर्छ, यस फारामलाई सङ्क्षिप्त प्रज्ञापनपत्र भनिन्छ। यस प्रज्ञापनपत्रबाट निजी प्रयोगका पाँच हजारसम्म मूल्य भएका मालवस्तु पैठारी गर्न सकिने व्यवस्था छ।

३. **नेपालको संविधानमा श्रम र रोजगारसम्बन्धी के–कस्तो नीतिगत व्यवस्था छ ? उल्लेख गर्नुहोस् ।**

✍ नेपालको संविधानको धारा ५१ राज्यका नीतिअन्तर्गत श्रम र रोजगारसम्बन्धी नीतिगत व्यवस्था छ। जसलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :
- सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्ने,
- देशको मुख्य सामाजिक आर्थिक शक्तिका रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने,
- स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने,
- मर्यादित श्रमको अवधारणाअनुरूप सबै श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने,
- बालश्रमलगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने,
- श्रमिक र उद्यमी व्यवसायीबीच सुसम्बन्ध कायम गर्ने,
- व्यवस्थापनमा श्रमिकको सहभागिता प्रोत्साहन गर्ने,
- वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने,
- वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने,

४. **नेपालको निजामती सेवामा हाल लागू गरिएको आरक्षणलाई खारेज वा निरन्तरता के गर्नु उपयुक्त होला ? आफ्नो राय व्यक्त गर्नुहोस् ।**

✍ आरक्षण समावेशीकरणको एउटा तरिका हो। राज्य संयन्त्रमा लक्षित वर्गको सहभागिता गराउन गरिने यो एउटा कोटा व्यवस्था हो। नेपालको निजामती सेवालाई समावेशी बनाउने उद्देश्यले निजामती सेवा ऐन–२०४९ मा दोस्रो संशोधन गरी विसं २०६४ सालदेखि खुला प्रतियोगिताबाट पदपूर्ति गरिने पदको ४५ प्रतिशत पद छुट्ट्याई सो पदलाई सतप्रतिशत मानी महिला ३३ प्रतिशत, आदिवासी/जनजाति २७ प्रतिशत, मधेसी २२ प्रतिशत, दलित ९ प्रतिशत, अपाङ्ग ५ प्रतिशत र पिछडिएको क्षेत्र ४ प्रतिशत वितरण गरी सोही उम्मेदवारबीचमा मात्र प्रतिस्पर्धा गराएर पदपूर्ति गर्ने व्यवस्था गरिएको छ। प्रस्तावित सङ्घीय निजामती सेवा ऐनले यसलाई थप परिमार्जन गरी यसलाई अझ व्यवस्थित गर्ने प्रावधान अगाडि ल्याएको छ। नेपालमा आरक्षणको यो व्यवस्था निजामती सेवासँगै शिक्षक, सार्वजनिक संस्थान, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायतका सार्वजनिक सेवामा पनि लागू गरिएको छ। आरक्षण लागू भएदेखि हालसम्म आउँदा यस व्यवस्थालाई खारेज गर्नुपर्ने तथा निरन्तरता दिनुपर्ने आ–आफ्ना तर्क बहस हुने गरेको पाइन्छ। जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**आरक्षण खारेज गर्नुपर्छ भन्नेका तर्क**
- आरक्षणले खुला प्रतिस्पर्धालाई साँघुरो बनाएको,
- प्रतिस्पर्धालाई कमजोर बनाएर कम प्रतिस्पर्धामा पनि सरकारी रोजगारी पाउने अवस्था ल्याएको,
- आरक्षणमा नपरेका सक्षम व्यक्तिलाई सरकारी सेवा प्रवेशमा निराश बनाएको,
- प्रतिभा पलायनमा सहयोग गरेको,
- प्रतिस्पर्धी भावनामा ह्रास ल्याएको,
- जातीय आधारको आरक्षणले सबै जातलाई न्याय गर्न नसकेको ।

**ञआरक्षणलाई निरन्तरता दिनुपर्छ भन्नेका तर्क**
- निजामती सेवामा लक्षित वर्गको सक्रिय एवम् सार्थक सहभागिता अझै हुन नसकेको,
- पिछडिएका वर्ग, समुदायको राज्यमा सहभागिता बढाई सामाजिक न्याय कायम गर्न आवश्यक भएको,
- अवसरको न्यायोचित वितरण गर्नुपरेको,
- लक्षितवर्ग पहिचान गर्न र सहभागिता बढाउन अझै बाँकी रहेको,
- विगतमा राज्यबाट उपेक्षित वर्गले पाउनुपर्ने लाभको क्षतिपूर्ति अझै पूरा हुन नसकेको ।
- उपरोक्त दुवैतर्फका तर्क आफैँमा सान्दर्भिक भए पनि वास्तवमा आरक्षण सबैलाई दिने र सधैँका लागि राख्ने विषय भने होइन। यो तोकिएको लक्ष्य तथा समय पुगेपछि खारेज गर्नुपर्छ। हाल नेपालमा लागू गरिएको आरक्षणमा न्यायोचित एवम् सर्वस्वीकार्य मापदण्ड तय गरेर अझ केही समय निरन्तरता दिनुपर्ने देखिन्छ। वास्तविक लक्षित वर्ग पहिचान गर्नुपर्छ। जागिरेजीवनमा एकपटक एउटा पदमा आरक्षण पाएपछि अर्कोपटक अर्को पदमा यो सुविधा नपाउने व्यवस्था गर्नुपर्छ। अपाङ्गको अवस्थाअनुसार प्राथमिकीकरण तोकी सुविधा दिनुपर्छ। कस्तो अपाङ्गपनले जागिरमा कति प्राथमिकता पाउने हो, प्रस्ट हुनुपर्छ। नेपालका कतिपय सुगम जिल्लामा पनि दुर्गम स्थान र क्षेत्र छन्, त्यसैले पिछडिएको क्षेत्रलाई पुनरावलोकन गर्नुपर्छ। सामाजिक न्यायका आधारमा सेवा वितरण गर्नु राज्यको कर्तव्य भएकाले आरक्षणमार्फत सामाजिक न्याय कायम गर्नुपर्छ। लिङ्ग, जात एवम् क्षेत्रका आधारमा नभई, आर्थिक अवस्था एवम् गरिबीका आधारमा आरक्षण लागू गर्नुपर्छ। कमजोर वर्गको सशक्तीकरणमा थप जोड दिन शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा विशेष कार्यक्रम लागू गर्नुपर्छ। तबमात्र यसबाट वास्तविक गरिब एवम् पिछडिएका व्यक्तिले लाभ प्राप्त गर्न सक्छन् र आरक्षण पनि थप व्यवस्थित हुन्छ।

५. **नेपालको सार्वजनिक खरिद कार्यमा देखिएका समस्या के–के हुन् ? उल्लेख गर्नुहोस् ।**

✍ सरकारी रकमको प्रयोग गरेर कुनै वस्तु तथा सेवा प्राप्त गर्ने र कुनै निर्माण गर्ने कार्य सार्वजनिक खरिद हो। नेपालमा सार्वजनिक खरिद कार्यलाई खुला, पारदर्शी, प्रतिस्पर्धी एवम् स्वच्छ बनाउन कानुनी र संस्थागत व्यवस्था गरिएको छ। सार्वजनिक खरिदको छाता कानुनका रूपमा सार्वजनिक खरिद ऐन–२०६३ तथा नियमावली–२०६४ लागू छ। मुलुकको समग्र खरिद कार्यको स्वतन्त्र नियमन गर्न केन्द्रमा सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना गरिएको छ। प्रत्येक कार्यालयमा खरिद शाखाको व्यवस्था छ र पनि मुलुकको विकास र समृद्धिसँग जोडिएको सार्वजनिक खरिद व्यवस्था प्रभावकारी भएको पाइँदैन। नेपालको सार्वजनिक खरिद कार्यमा खासगरी सार्वजनिक निकाय, बोलपत्रदाता/निर्माण व्यवसायी र सार्वजनिक खरिद अनुगमन कार्यालय गरी तीन पक्ष छन् र समस्या पनि यही वरिपरि छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क. **कमजोर निर्णय क्षमता :**
- सार्वजनिक निकायका पदाधिकारीमा निर्णय क्षमता कमजोर रहनु, समयमै निर्णय नगर्नु, प्रभाव र दबाबमा निर्णय गर्नु, जोखिम लिन नचाहने प्रवृत्ति बढी हुनु,

ख. तदर्थ खरिद कार्य :
- सार्वजनिक निकायले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी खरिद गर्नुपर्नेमा तदर्थ खरिद गर्नु,

ग. **स्वच्छता र प्रस्पिर्धाको अभाव :**
- सार्वजनिक खरिद कार्यमा प्रतिस्पर्धा, स्वच्छता, इमानदारी, पारदर्शिता, जवाफदेहिता, मितव्ययिता, कार्यदक्षता, मूल्य सार्थकतालगायतका खरिदका सर्वमान्य सिद्धान्त पालनाको अभाव हुनु,

घ. **गुणस्तरहीन खरिद :**
- दीर्घकालीन टिकाउ एवम् गुणस्तरीय कार्यभन्दा तत्कालको आवश्यकता पूरा गर्ने र न्यून गुणस्तरका कम मूल्यको खरिदमा रमाउने प्रवृत्ति हाबी हुनु,

ङ. **कानुन पालनाको अभाव :**
- सार्वजनिक खरिद कार्यको व्यवस्थित अभिलेख गर्न तथा कार्यरत कर्मचारीलाई जिम्मेवार बनाउन कार्यक्षेत्र एवम् कार्यप्रकृतिअनुरूप सबै सार्वजनिक निकायमा खरिद महाशाखा/शाखा/एकाइको स्थापना नहुनु, सार्वजनिक खरिद ऐनले तोकेका विधि, पद्धति छल्दै विशेष परिस्थिति देखाएर सार्वजनिक निकायले सोझै खरिद गर्नु, केही ठूला निकायले छुट्टै कार्यविधि बनाएर खरिद गर्नु, ठूला–ठूला कामलाई टुक्रा–टुक्रा बनाएर बोलपत्र आह्वान गर्नु, प्रतिस्पर्धा सीमित गर्नु ।

च. **जिम्मेवारविहीन परामर्शदाता :**
- सार्वजनिक निकायमा परामर्शदाता अधिक प्रयोग हुनु तर जिम्मेवार नबनाउनु,

छ. **अत्यधिक मिलेमतो :**
- बोलपत्र, ठेक्का, खरिद सम्झौता, निर्माणलगायतका कार्यमा मिलेमतो हाबी हुनु, खरिद गर्ने, खरिद कार्यको स्वीकृत गर्ने र भुक्तानी दिने तथा लेखा राख्ने कर्मचारीबीच सन्तुलन र नियन्त्रणको अभाव,

ज. **निर्माण व्यवसायीमा व्यावसायिकताको अभाव :**
- निर्माण व्यवसायीले क्षमताभन्दा बढी काम ओगटेर राख्नु, पेस्की लिएर समयमै काम नगर्ने प्रवृत्ति बढ्नु, व्यावसायिकताको विकास नहुनु,

झ. **कमजोर सार्वजनिक खरिद अनुगमन कार्यालय :**
- सार्वजनिक खरिद ऐन नियमको परिपालना गराउने र सोको अनुगमन गर्ने जिम्मेवार निकाय सार्वजनिक खरिद अनुगमन कार्यालयमा पर्याप्त स्रोत–साधन, प्राविधिक कर्मचारी र विज्ञहरूको अभाव हुनु, अनुसन्धान र विकासको अवस्था कमजोर हुनु,

ञ. **कमजोर पूर्वाधार :**
- विद्युतीय खरिद प्रणालीलाई सरल, प्रभावकारी एवम् पँहुचयोग्य बनाउन नसक्नु, विद्युत् विस्तार, इन्टरनेट, दक्ष जनशक्ति अभाव हुनु, सार्वजनिक खरिद ऐन नियमको भावनाअनुरूप निर्देशिका एवम् विनियम तयार नहुनु, सङ्घीय संरचनाअनुरूप खरिद प्रक्रियामा एकरूपता कायम गर्न नसक्नु,

ट. **आचरणको उल्लङ्घन :**
- सार्वजनिक निकायका पदाधिकारी, बोलपत्रदाता, परामर्शदाता एवम् आपूर्तिकर्ताले आचरणको व्यवस्था प्रभावकारी रूपमा पालना नगर्नु ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**